# मा.उपाध्यक्ष डा. पुष्पराज कँडेल र कार्यक्रम निर्देशक सुरेश प्रसाद नेपाल समेतको संयुक्त भ्रमण टोलीले राष्ट्रिय योजना आयोगमा पेश गरेको प्रतिवेदन -२०७५

१. भ्रमणको संक्षिप्त उद्देश्य: मिति २०७५ साल आश्वीन २२ गते माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल, कार्यक्रम निर्देशक श्री सुरेश प्रसाद नेपाल एवं तथ्याङ्क अधिकृत श्री मदन प्रसाद पोखरेल समेतको टोलीवाट संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय अन्तर्गत संचालित राष्ट्रिय गौरवका गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना सदुढीकरण र लुम्बनी विकास आयोबजनाहरु समेतको स्थलगत अवलोकन भ्रमण गरी ती आयोजनाहरुको कार्यान्वयनसंग प्रत्यक्ष रुपमा सम्बन्धित आयोजना प्रमुख, ठेकेदार, परामर्शदाता एवं अन्य इन्जिनियर/कर्मचारीहरुसंग समेत सम्बन्धित कार्यस्थलमै सम्पर्क गरी अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको प्रगतिका सम्बन्धमा आवश्यक जानकारी लिने र कार्यान्वयनका क्रममा केही समस्याहरु देखिए सोको समाधानका लागि राष्ट्रयि योजना आयोगबाट आवश्यक पहल गर्ने रहेको ।

२. गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढीकरण आयोजनाको अवलोकन/निरीक्षण भ्रमण :

मिति २०७५।०६।२२ गते माननीय उपाध्यक्षज्यू समेतको भ्रमण टोली आयोजनाको स्थलगत अनुगमन निरीक्षणका क्रममा सम्बन्धित आयोजना प्रमुखसंग आयोजनाको बस्तु स्थिति र हाल सम्मको प्रगति स्थिति सम्बन्धमा जानकारी लिने कार्य भयो ।

यसरी प्रत्यक्ष अवलोकन गर्दा यस विमानस्थलको Runway ३ (तीन) कि.मी. रहने, Pitching र upgrading कार्य शुरु भै सकेको र कलकत्ता वन्दरग्राहवाट Equipments आउने क्रम समेत शुरु भैसकेको हुँदा उक्त सुदुढीकरण आयोजना ६/७ महिना भित्र पुरा हुने कुराको आयोजना प्रमुख श्री प्रवेश अधिकारीवाट सुनिश्चितता प्रकट भयो । तर उक्त बन्दरग्राहवाट सामग्री आउन विविध कार्यले ढिला भएमा १ बर्ष भित्र संचालनमा आउने उक्त विस्तारित आयोजना संचालन गर्न CAAN वाट ३०० जना जनशक्ति आवश्यक हुने र Air fighter / ATC को लागि तालीम आवश्यक हुने हुँदा CAAN वाट सो तालीम दिने कार्य समेत शुरु भैसकेको आयोजना प्रमुखवाट जानकारी प्राप्त भयो ।

उक्त आयोजनाको Approach part सानो भएकोले टर्मिनल भवनलाई नपुग्ने, निर्वाध रुपले जहाज उडान र अवतरण गर्न पनि End to End Taxy Way हुनु पर्ने कुरा आयोजना प्रमुखले उल्लेख गर्नु भयो ।

शुरुमा २८७ विगाहाको क्षेत्रफल रहेकोमा पछि ५०० विगाह अधिग्रहण गरे पश्चात सो आयोजनाको जम्मा विस्तारित क्षेत्र करीव ८०० विगाहा पुगेको छ । यस आयोजनाको शुरुको लागत ६ अर्व २२ करोड रहेकोमा अवको थप लागत ४० करोड जति लाग्ने अनुमान गरिएको छ ।

आयोजनाको कुल लागतमध्ये CAAN बाट ११ प्रतिशत, ADB वाट अनुदान र ऋण गरी क्रमस: १८ र ४०.५ प्रतिशत, OFID वाट ऋण ३०.५ प्रतिशत, वजेट व्यहोरिने कुराको जानकारी प्राप्त भयो । उक्त आयोजनाको निर्माणमा ADB को शुरु देखि नै निरन्तर सहयोग रही आएको बुझियो । साथै सो विस्तारित विमानस्थल संचालनमा आएपछि भने Easy Cash flow भै रहने कुरा समेत जानकारी प्राप्त भयो ।

Runway Central Line (CAT-I) को कार्य भैरहेको जस अन्तर्गत Central Line मा बत्ती रहनेछ । दातृ निकायसंग ऋण सम्झौता हुँदा नेपाली रुपैयाँमा भुक्तानी हुने व्यवस्था भएको र Tender गर्दा Air Navigation System को Tender भएको अनुगमन निरीक्षणको क्रममा अवगत भयो ।

अन्त्यमा उक्त आयोजनासंग सम्बन्धित अन्य वरिष्ठ अधिकृतहरु, इन्जिनियरहरु, परामर्शदाता समेतसंग अन्तरक्रिया/प्रश्नोत्तर हुँदा उहाँहरुवाट आयोजनाको हकमा कलकत्ता वन्दरग्राहबाट Equipments सहज ढंगले आउन सकेको खण्डमा दोश्रो पटक थप गरिएको अन्तिम अवधि २८ जुन, २०१९ अगावै नै यो आयोजना संचालनमा आउने कुराको  पूर्ण विश्वास दिलाइयो ।

सो अवसरमा मा.उपाध्यक्षज्यूवाट उक्त आयोजना तोकिएकै समयमै पुन: थप लागत नबढ्ने गरी सम्पन्न गरी कार्यन्वयन/संचालनमा ल्याउन र  तत्सम्बन्धमा कुनै किसिमको द्धिविधा वा समस्या देखा परे राष्ट्रिय योजना आयोगलाई समेत समयमै छिटो साधन एवं लिखित माध्यमवाट जानकारी गराउन आयोजना प्रमुखलाई निर्देशन दिने कार्य भयो ।

३.लुम्विनी विकास आयोजनाको स्थलगत अवलोकन / निरीक्षण :

गौतम वुद्ध अर्न्तराष्ट्रिय विमानस्थल आयोजनाको अवलोकन निरीक्षण पश्चात सोही दिन मा.उपाध्यक्षज्यू समेतको निरीक्षण टोली स्थलगत अनुगमनको लागि राष्ट्रिय गौरवको लुम्विनी विकास आयोजना स्थलमा पुग्यो । सो अवसरमा उक्र आयोजनाका प्रमुख श्री सरोज भट्टराईसंग भ्रमण टोलीको नेतृत्व गर्नु भएका मा. उपाध्यक्षज्यूवाट आयोजनाको समष्टिगत विकास निर्माण एवं सोको प्रगति सम्बन्धमा जिज्ञासा राख्नु भयो ।

संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव उथान्तको कार्यकालमा उहाँकै अग्रसरता र प्रतिवद्धतावाट करिव ५०/५१ वर्ष अघि लुम्विनी विकासको निमित्त पहिले १३ देश र पछि थप ३ देश समेत गरी १६ देशको संलग्नतामा अन्तर्राष्ट्रिय समिति वनेको थियो । “केन्जो टाँगे” को गुरु योजना अनुरुप वि.सं २०४२ सालमा लुम्विनी विकास कोषको स्थापना भयो । शुरुमा ११५५ विगाहामा उक्त गुरु योजना तयार भएको थियो । International Aid Committee बाट सो गुरुयोजनाको लागि सहयोग प्राप्त भएको थियो ।

आ.ब.२०७०/७१ देखि लुम्विनी विकास कोष राष्ट्रिय गौरवको आयोजनाको रुपमा प्रारम्भ भयो । हाल यस आयोजनाको समष्टिगत भौतिक प्रगति ८०% रहेको आयोजना प्रमुखवाट जानकारी गराइयो । वृहत्त लुम्विनी गुरु योजनाका अवधारणा वनाउन रु. १ (एक) करोड विनियाजन भएको छ । ३ (तीन) वटा होटल संचालनका लागि लिजमा दिइएको र आ.ब.०७४।०७५ मा बैंक व्याज सहित ९ करोड रुपैयाँ जम्मा भएको कुरा आयोजना प्रमुखवाट अवगत भयो । साथै स्थायी, अस्थायी र ज्यालादारी कर्मचारी गरी जम्मा २५०० जनाको जनशक्ति रहेको, नेपाल सरकारवाट आयोजनालाई रु.२ करोड अनुदान उपलव्ध भएको र लुम्विनी विकास कोषले लुम्विनी विश्व विद्यालयलाई (चार) विगाहा जग्गा लिजमा दिएको जानकारी गराइयो ।

आयोजनाले तयार पारेको उक्त गुरुयोजना अन्तगत निम्न कार्यहरु समेत सम्पन्न गर्नु पर्ने बुझियो :

- वाटर टावर तथा वाटर सप्लाई सिस्टम
- गुरुयोजना अनुसारका विद्युतीकरणको कार्य
- गुरुयोजना अनुसार टेलिकम्युनिकेशनको कार्य
- विभिन्न सडक एवं उत्थान्त अडिटोरियम हल निर्माण
- दुई तल्ला, डोम आकारका (लुम्बिनी संग्रहालय जस्तै) थप ६ वटा भवनहरु
- ढल निकास तथा स्युरेज व्यवस्थापन तथा विभिन्न पोखरी निर्माण तथा सौंदर्यकरणका कार्यहरु

माथि उल्लिखित कार्यहरु सम्पन्न गर्न करीव रु.६ अर्व रुपैयाँ थप आवश्यक हुने व्यहोरा आयोजना प्रमुखबाट अवगत भयो  । ५/५ माइल (८/८ कि.मि.) मोडलका ३ वटा व्लक निर्माण गर्न आयोजनाले Design and Supevision Consultant नियुक्ति गरी कार्य प्रारम्भ गर्ने र तदनुरुप वजेटको माग गर्दै जाने गरी अर्को गुरु

योजना तयारीको क्रममा रहेको व्यहोरा आयोजना प्रमुखबाट अवगत भयो । Korean Architecture Heesoo Kwak को Report अनुसार Boot/ EPC Model मा पनि चीन, न्यूजिलैण्ड लगायतका देशहरुको Commitment रहेको छ । साथै कपिलबस्तु, लुम्बिनी, देवदह र रामग्रामलाई पनि विकास गर्दै लैजाने लक्ष्य रहेको छ ।

शुरुमा भएका अन्तरर्राष्ट्रिय प्रतिवद्धता अनुरुप श्रोत प्राप्त नभएको, जनशक्ति र वजेटको अभाव रहेको र स्थानीयस्तरको सहयोग जुटाउन नसकिएको जस्ता प्रमुख समस्याहरु रहेको उक्त आयोजनाको प्रमुखबाट अवगत भयो । साथै छिमेकी मुलुकहरुवाट अधिकांश धार्मिक पर्यटक समेत भारतकै वाटो भै लुम्बिनी घुम्न आउने र भ्रमण पश्चात उनीहरु भारतकै वाटो भै स्वदेश फिर्ता हुनुले पनि लुम्बिनीको आर्थिक र साँस्कृतिक विकासमा वल पुग्न नसकेको वुझिन आयो ।

संलग्न

१. आयोजनाको आ.ब.२०७४/०७५ सम्मको प्रगति फाराम - १
२. सम्पन्न हुन बाँकी कम्पोनेन्टहरुको लागत अनुमान विवरण- १
३. वजेट लगानीको वाँडफाँडको विवरण - १
४. आयोजनाको कार्यालयमा भएको छलफलको निर्णय कपि - १
५. आयोजना स्थलहरु अवलोकनको क्रममा खिचिएको तस्वीरहरु

<u>प्रतिबेदकहरु</u>

मा.उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेल
का.नि. सुरेशप्रसाद नेपाल
त.अ. मदनप्रसाद पोखेल
राष्ट्रिय योजना आयोग

मा. उपाध्यक्षज्यू सहितको अनुगमन/निरीक्षण टोली गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनातर्फ जाने क्रममा





आयोजनाको कार्यालयमा मा. उपाध्यक्षज्यू सहितको अनुगमन/निरीक्षण टोली आयोजना प्रमुख लगायतसँग आयोजनाको प्रगति बारे अन्तरक्रिया गर्दै

मा. उपाध्यक्षज्यू, आ. प्रमुख लगायतबाट आयोजना अन्तर्गत निर्माणाधीन टावरको अवलोकन/निरीक्षण





गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणाधीन संरचनाहरु

**आयोजना अन्तर्गत सञ्चालित कार्यहरूको मा. उपाध्यक्ष्यूबाट अवलोकन/निरीक्षण**





**आयोजना अन्तर्गत तोकिएको कार्य सम्पन्न गर्न जिम्मेवारी पाएको चाइनिज कम्पनीको सम्बन्धित पदाधिकारीसँग निर्माणाधीन कार्यहरूको प्रगति बारे जिज्ञासा राख्नु हुँदै मा. उपाध्यक्षज्यू**

**गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रयोजनको लागि निर्माणाधीन टावर**



मा.  उपाध्यक्ष, आ. प्रमुख र कार्यक्रम निर्देशक समेतबाट आयोजना अन्तर्गत निर्माणाधीन कार्यहरूको अवलोकन





लुम्बिनी विकास आयोजनाको आ. प्रमुखबाट मा. उपाध्यक्षज्यू समक्ष आयोजना बारे जानकारी गराउनु हुँदै





मा. उपाध्यक्षज्यूबाट आ. प्रमुखसँग आयोजनाले सम्पन्न गरेका कार्यहरूको प्रगति बारे जानकारी लिनु हुँदै





लुम्विनी विकास आयोजनाले अनुगमन/निरीक्षण अवधिसम्म सम्पन्न गरी सकेका र  सम्पन्न गर्न बाँकी कार्य/कार्यक्रमहरूको बारेमा मा. उपाध्यक्षज्यू समक्ष विस्तृतमा प्रगति सहितको यथार्थ विवरणहरू प्रस्तुत गर्नु हुँदै आयोजना प्रमुख